Details of course curriculum for Undergraduate Programme [Honours and General] in Nepali - Under Choice Based Credit System [Semester No. 06 ; Total No. of Papers - 14; All papers are equal credit ]

परीक्षा-पत्र - २ (दुई)

अनर्स - पहिलो सत्र - नेपाली साहित्यको इतिहास: पूर्णाङ्क-७५ क्रेडिट-६
लिखित-६०, अनुशिक्षण-१०
कक्षा उपस्थिति-५

प्रथम पत्र -

पाठ्यक्रमलाई मुख्यतः चारवटा बृहत् एकाइमा विभाजित गरिएको छ।

पहिलो एकाइमा नेपाली साहित्यको पृष्ठभूमि र विकासको रूपरेखाको सामान्य परिचयसहित नेपाली कविताको विकासक्रम राखिएको छ।

दोस्रो एकाइमा नेपाली आख्यानको विकासक्रम जसमा कथा र उपन्यास सहित आख्यानेतर गद्य एवं निबन्धको विकासक्रम अन्तर्भुक्त छ।

तेस्रो एकाइमा नेपाली नाटकको विकासक्रम र नेपाली समालोचनाको विकासक्रम सम्मिलित छ।

चौथो एकाइमा नेपाली पत्र-पत्रिकाको इतिहासका साथै भारतमा नेपाली सङ्घ-संस्थाको इतिहास अध्ययनका विषय छन्।

द्वितीय पत्र-पाठ्यक्रम - नेपाली कविता - [अङ्क माथिकै बराबर]

पहिलो एकाइमा कवितातत्त्वको परिचयात्मक अध्ययन अन्तर्गत नेपाली कविताका विविध रूप र प्रवृत्तिहरूको जानकारीसहित नेपाली वीर कविता, भक्ति कविता, शृङ्गारिक कविता, आधुनिक कविता, गद्य कविता, गजल, मुक्तक, हाइकु, खण्डकाव्य, महाकाव्य, लामो कविता जस्ता कविताका विविध रूपको अध्ययन समावेश छ।

दोस्रो एकाइमा कविको परिचयसहित 'सुवानन्ददास' 'पृथ्वीनारायण', 'रामायण सुन्दरकाण्ड', 'दुङ्ना भजन', 'पिंजडाको सुगा' शीर्षक कविताहरू पाठ्य विषय छन्।

तेस्रो एकाइमा एवं रीतले कविको सपरिचय 'पागल,' 'मोहब्बत गल्ली,' 'आमाको सपना,' 'बिहान' शीर्षक कविताहरू पाठ्य विषय छन्।

चौथो एकाइमा 'असीमको सीमा,' 'नयाँ वर्ष,' 'सारङ्गी' '२७ मई १९६४,' 'त्यो एकलो वृक्षलाई' 'भित्री मान्छे बोल्न खोज्छ' कविताका साथै कविको परिचय पाठ्य विषय छन्।

Scanned by CamScanner

दोस्रो सत्र जसमा दुईवटा पत्र छन् अनि प्रत्येक पत्रको क्रेडिट संख्या, पूर्णाङ्क आदि समान छन्। यस सत्रको तेस्रो पत्रमा नेपाली भाषाविज्ञान पाठ्य विषय छ। जसमा पाठ्य विषयलाई तीनवटा एकाइमा विभाजन गरिएको छ।

पहिलो एकाइमा 'नेपाली भाषाको उत्पत्ति र विकासको सर्वेक्षण,' 'नेपाली भाषाका शब्दवर्ग,' र 'व्याकरणिक कोटिहरू' पाठ्यसामग्रीका रूपमा छन्।

दोस्रो एकाइमा 'नेपाली भाषाको शब्द-भण्डार,' 'नेपाली भाषाको शब्द निर्माण प्रक्रिया,' 'नेपाली भाषाको वर्ण-विन्यास' अध्ययनका विषय छन्।

तेस्रो एकाइमा 'नेपाली भाषाको अध्ययन परम्परा' र 'नेपाली व्याकरणको इतिहास पाठ्य विषय छन्।

दोस्रो सत्रको चौथो पत्रमा नेपाली कथा पठनीय छन् जसलाई चारवटा एकाइमा विभाजन गरिएको छ।

पहिलो एकाइमा कथाकारको परिचयसहित 'परालको आगो,' र 'परिबन्द' कथा पाठ्य विषय छन् अनि आधुनिक नेपाली कथाका प्रमुख प्रवृत्तिहरूको अध्ययन सम्मिलित छन्।

दोस्रो एकाइमा 'चनमतीको सिनेमा स्वप्न,' 'माछाको मोल,' 'मैयाँ साहेब' र 'चौकीदार' कथाहरू छन्।

तेस्रो एकाइमा 'मेरो एउटा नाङ्गा ढुकी,' 'रातभरि हुरी चल्यो,' 'ज्योतिबिनाको उज्यालो' अनि 'पाखण्डहरूको कथा' पाठ्य कथाहरू छन्।

चौथो एकाइमा 'निर्वासित,' 'पर्खेको छाना,' 'टोटलाको फूल' र 'सन्तोष बाबुको डायरीमाथि' जस्ता कथाहरू पाठ्य विषयका रूपमा छन्।

तेस्रो सत्रमा तीनवटा पत्रहरू छन् जसमा पृथक-पृथक पाठ्यविषय रहेका छन्।

यस सत्रको पाँचौं पत्रमा तीनवटा एकाइहरू छन् जो निम्नप्रकार छन् –

पहिलो एकाइमा नेपाली उपन्यास मूल विषय अन्तर्गत 'आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि र विकासको रूपरेखा,' 'उपन्यासको परिभाषा, स्वरूप र औपन्यासिक तत्त्वहरूको परिचय' र 'प्रमुख नेपाली उपन्यासकारका औपन्यासिक प्रवृत्तिको अध्ययन सामेल छन्।

दोस्रो एकाइमा 'भ्रमर,' 'लङ्गडाको साथी,' 'तीन घुम्ती जस्ता उपन्यासहरू पाठ्य विषय छन्।

तेस्रो एकाइमा 'पर्खालभित्र र बाहिर', अनि 'जुनेली रेखा' उपन्यासहरू पाठ्यक्रमका विषय छन्।

यस सत्रको छैटौं पत्रको मूल विषय नेपाली निबन्ध छ जसलाई चारवटा एकाइमा राखिएको छ।

पहिलो एकाइमा 'निबन्धको परिभाषा, स्वरूप र प्रकारहरू,' 'नेपाली निबन्ध साहित्यको विकासको संक्षिप्त सर्वेक्षण,' र 'प्रमुख नेपाली निबन्धकारहरूको निबन्धगत प्रवृत्ति, निबन्ध साहित्य क्षेत्रमा उनको योगदान र स्थान निर्धारण' जस्ता पाठ्य विषय छन्।

Scanned by CamScanner

दोस्रो एकाइमा 'श्री गणेशाय नमः' "एकसुरयाक्ट चिन्तन व्याज," "साहित्य र हावापानी"
'वकलाहरूको कुनो' शीर्षक निबन्धहरू पाठ्य विषय छन्।
तेस्रो एकाइमा 'कविको ध्यान' "तस्विर', 'अजिब भोज' र 'हास्य' निबन्ध छन्।
चौथो एकाइमा 'जय भुँडी' 'खै खै', 'भुँडी', 'गृहस्थी जीवन,' 'रिस किन उठ्छ,' 'वाह!
दार्जिलिङ टी' निबन्ध पाठ्य विषयमा राखिएका छन्।

तेस्रो सत्रको सातौं पत्रमा ~~नेपाली~~ भारतीय नेपाली साहित्यको इतिहास मूल विषय छ
जसमा चारवटा एकाइ छन्।
पहिलो एकाइमा 'भारतीय नेपाली साहित्यको पृष्ठभूमि र विकासको अध्ययन'
र 'भारतीय नेपाली कविताको विकासक्रम पाठ्यक्रममा छन्।
दोस्रो एकाइमा 'भारतीय नेपाली कथाको विकासक्रम' र 'भारतीय नेपाली
उपन्यासको विकासक्रम' पाठ्य विषय छन्।
तेस्रो एकाइमा 'भारतीय नेपाली निबन्धको विकासक्रम' र 'भारतीय नेपाली
नाटकको विकासक्रम' अन्तर्भुक्त छन्।
चौथो एकाइमा 'भारतीय नेपाली समालोचनाको विकासक्रम' र "भारतीय
नेपाली आख्यानेतर गद्यको विकासक्रम' जस्ता विषयहरू छन्।

चौथो सत्रमा जम्मा तीनवटा पत्रहरू छन् जसमा अलग-अलग विषय रहेका छन्।
यस सत्रको आठौं पत्रमा समकालीन नेपाली कविता मूल पाठ्य विषय छ
जसलाई चारवटा एकाइमा विभाजन गरिएको छ।
पहिलो एकाइमा 'समकालीन शब्दको अर्थ, परिभाषा र अवधारणा जस्ता
सैद्धान्तिक विषय रहेका छन् साथै समकालीन कविताका प्रमुख विशेषताहरूको
अध्ययन सम्मिलित रहेको छ।
दोस्रो एकाइमा कवि परिचयसहित 'तिमीलाई म सधैं हेरिरहन्छु,' 'शान्ति सन्देह,'
'सपनाहरू' र 'म बेथलेहेम सहरको हिपोपोटामस' जस्ता कविताहरू छन्।
तेस्रो एकाइमा 'आज फेरि होरासित,' "पौरखको नदी,' 'युक्लिप्टस आँउदो
पिँढीलाई आशीर्वाद,' 'परेली परेलीमा भिजेर' र 'शकुन्तला' शीर्षक
कविताहरू पाठ्य विषय छन्।
चौथो एकाइमा 'म कहिले बुद्ध हुनु,' "बेरोजगार युवाको आइडेन्टिटी कार्ड,'
'घायल फूल: झरेका केही पत्रहरू,' जङ्गल एक सलिलकी' र 'मध्यरातको
सहर' नामक कविताहरू अध्ययनका विषय छन्।
यस सत्रको नवौं पत्रमा नेपाली समालोचना मुख्य पाठ्य विषय छ अनि
यसलाई चारवटा एकाइमा बाँडिएको छ।
पहिलो एकाइमा 'समालोचनाको अर्थ, परिभाषा र स्वरुप' सम्बन्धी सैद्धान्तिक
विषयका साथै 'नेपाली समालोचनाको विकासक्रमको सर्वेक्षण' अनि 'केही
प्रमुख समालोचकहरूको समालोचना प्रवृत्ति र योगदानको अध्ययन' पाठ्य विषय छन्।
दोस्रो एकाइमा 'नैवेद्य समालोचना,' "टाक्सिएको नेपाली कविता,' 'तुलनात्मक हेराइमा
भानुभक्त र ज्ञानदिल' अनि 'कविता र अनिवार्यता' जस्ता विषय छन्।
तेस्रो एकाइमा 'नेपालीमा शृङ्गारकालीन कविताको विकास,' 'मुनामदन-एक यथार्थवादी
समालोचना,' 'आधुनिक नेपाली कथा: गति र प्रकृति' अनि 'आधुनिक नेपाली नाटक'
छन् पाठ्य विषयका रूपमा।
चौथो एकाइमा 'दार्जिलिङमा नेपाली जाति: एक ऐतिहासिक अध्ययन' 'लक्ष्मी निबन्ध सङ्ग्रह'
र 'कविता के हो? एक भूमिका' शीर्षक समालोचनाहरू पाठ्य विषय छन्।

Scanned by CamScanner

यस सत्रको छैटौं पत्रमा मूल विषय छ - सामान्य भाषाविज्ञान। यसमा विषयलाई दुईवटा एकाइमा विभाजन गरिएको छ।

पहिलो एकाइमा 'भाषाको अर्थ, प्रकृति र विशेषता' लगायत 'संसारका भाषाहरूको वर्गीकरणका आधार' • पारिवारिक वर्गीकरण र आकृतिमूलक वर्गीकरण' अनि • भाषा विज्ञानको परिभाषा र क्षेत्र' जस्ता विषय छन्।

दोस्रो एकाइमा 'भाषाविज्ञानका प्रमुख विभागहरूको परिचय' अन्तर्गत "ध्वनिविज्ञान' जसमा भाषिक ध्वनि, ध्वनि उच्चारणका अवयवहरू, ध्वनि वर्गीकरणका आधार; 'रूप विज्ञान' जसमा रूपको परिचय, रूपका प्रकार, पद र शब्दको परिचय; 'वाक्य विज्ञान' जसमा वाक्यको परिभाषा र प्रकार, वाक्य विज्ञानको परिचय, पदबन्ध, उपवाक्य, वाक्यका अङ्ग; अनि 'अर्थविज्ञान' जसमा अर्थको परिचय, अर्थ परिवर्तनका कारण र दिशा, शब्द र अर्थको सम्बन्ध जस्ता विषयहरू पाठ्यक्रममा अन्तर्भुक्त छन्।

Scanned by CamScanner

Honours Generic Elective Course [GEC]

नेपाली भाषा र साहित्य अनर्स इतर अन्य विषयमा अनर्स लिएका विद्यार्थीहरूका निम्ति सामान्य अन्तर्विषयमूलक ऐच्छिक पाठ्यचर्चा अन्तर्गत प्रथम सत्रमा एउटा पत्र पाठ्यक्रममा निर्धारित छ अनि दोस्रो सत्रमा पनि एउटा पत्र सामेल छ। प्रत्येक पत्रको पूर्णाङ्क-७५ जसमा ६० अङ्क लिखित परीक्षा, १० अङ्क अनुशिक्षण र ५ अङ्क कक्षा उपस्थितिका रूपमा निर्धारित छ।

प्रथम सत्रमा नेपाली भाषाविज्ञान मूल विषय छ जसलाई तीनवटा एकाइमा विभाजन गरिएको छ -

पहिलो एकाइमा 'नेपाली भाषाको उत्पत्ति र विकासको सर्वेक्षण,' नेपाली 'भाषाका शब्दवर्ग' र 'व्याकरणिक कोटिहरू पाठ्य विषय छन्।

दोस्रो एकाइमा 'नेपाली भाषाको शब्द-भण्डार', 'नेपाली भाषाको शब्द निर्माण प्रक्रिया,' र 'नेपाली भाषाको वर्ण-विन्यास' विषय अन्तर्भुक्त छन्।

तेस्रो एकाइमा 'नेपाली भाषाको अध्ययन परम्परा' र 'नेपाली व्याकरणको इतिहास' पाठ्यक्रममा सम्मिलित छ विषय छन्।

दोस्रो सत्रमा नेपाली लोक-साहित्यको परिचय मूल विषय छ जसमा दुईवटा एकाइ छन् -

पहिलो एकाइमा 'लोक साहित्यको अर्थ र परिभाषा' अनि 'लोक साहित्यका मुख्य विशेषता' पाठ्य विषय समावेश छ।

दोस्रो एकाइमा 'नेपाली लोक साहित्यका विधाहरूको परिचय' अन्तर्गत 'नेपाली लोक गीत, नेपाली लोक कविता, नेपाली लोक कथा, नेपाली लोक नाटक, नेपाली लोक गाथा, नेपाली उखान, टुक्का, वाग्धारा र गाउँखाने कथा' जस्ता उपशीर्षकहरू पाठ्य विषयका रूपमा छन्।

Scanned by CamScanner

B.A. Programme Course Nepali Under CBCS

बिए. प्रोग्राम-नेपालीमा प्रथम र द्वितीय सत्रमा एक-एक पत्र सम्मिलित छन् जसको क्रेडिट सङ्ख्या ६, पूर्णाङ्क ७५ जसमा ६० अङ्क लिखित परीक्षा, १० अङ्क अनुशीलन र ५ अङ्क कक्षा उपस्थितिका रूपमा विभाजित छ।

पहिलो सत्रमा राखिएको पाठ्यक्रममा नेपाली भाषाविज्ञान मूल विषय छ जसलाई दुईवटा एकाइमा विभाजन गरिएको छ –

पहिलो एकाइमा 'नेपाली भाषाको उत्पत्ति र विकासको सर्वेक्षण,' 'नेपाली भाषाको शब्द-भण्डार,' र 'नेपाली भाषाका शब्दवर्ग' पाठ्य विषय छन्।

दोस्रो एकाइमा 'नेपाली भाषाका व्याकरणिक कोटि,' 'नेपाली भाषाको अध्ययन परम्परा' र 'नेपाली व्याकरणको इतिहास' पाठ्य विषयका रूपमा पाठ्यक्रममा छन्।

यसै सत्रमा बि.ए. र बि.कम.का निम्ति नेपाली व्याकरण र रचना एल.सि.सि.का रूपमा पाठ्यक्रममा राखिएको छ जसलाई छवटै क्रेडिट दिइएको छ। यसमा पनि दुईवटा एकाइ छन् –

पहिलो एकाइमा 'व्याकरणको अर्थ र परिभाषा' अनि 'नेपाली व्याकरणका विभागहरू' पाठ्य विषय छन्।

दोस्रो एकाइमा 'लोकोक्ति, गाउँखाने कथा, उखान-टुक्का र वाग्धारा, पत्र लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रतिवेदन लेखन, डायरी लेखन र रेडियो लेखन' जस्ता बुनियादी विषयहरू अन्तर्भुक्त छन्।

दोस्रो सत्रमा विषयकेन्द्रित कोर पाठ्यचर्याका अतिरिक्त एइसिसि-२ अर्थात् प्रमुख भारतीय भाषाका रूपमा दुई (२) क्रेडिट भएको पाठ्यक्रम अन्तर्भुक्त छ।

यस सत्रको विषयकेन्द्रित कोर-चर्या पत्र-२ मा नेपाली कविता मूल पाठ्य विषय छ जसमा कवितासम्बन्धी सैद्धान्तिक पक्षहरूका साथै कविको परिचयसहित 'बिन्तीउड्छ बिस्तारैसित,' 'डुङ्ना भजन,' 'कविताको सरजाम,' 'पटिमा ढाकेको पसारो,' 'यात्री,' 'साहित्य सुधा,' 'के त्यसको कविता लेखूँ!' 'छोरीलाई,' 'सामाजिक होली,' 'उत्सर्ग,' र 'बिहान' कविता पाठ्यक्रमका विषय छन्।

यस सत्रमा प्रमुख भारतीय भाषाका रूपमा नेपालीलाई योग्यता विकासमूलक अनिवार्य पाठ्यक्रम (AECC-2) अन्तर्गत राखिएको छ जसमा 'मुनामदन–खण्डकाव्य,' भाषा-अर्थ, परिभाषा, मुख्य सङ्घटक एकाइहरू, प्रकृति र विशेषता, संसारका प्रमुख भाषा परिवारहरूको परिचय, नेपाली शब्दवर्ग र व्याकरणिक कोटि, पर्यायवाची शब्द, विलोम शब्द, सार शब्द, ठेट नेपाली शब्द, पारिभाषिक र प्राविधिक शब्द' जस्ता भाषा र भाषाशास्त्रका सामान्य विषय राखिएका छन्।

---